का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ४७
- ६ चैत्र २०७६, बिहीबार
- 19 March 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# सेमी लकडाउन

## एसईई स्थगित, हिडडुलमा उच्च सतर्कता

**सरकारले विद्यालय, विश्वविद्यालय, सिनेमा हल, साँस्कृतिक संस्थान, रंगशाला, खेल स्थल, जिम, हेल्थ क्लब, म्युजियम, स्विमिङ पुल, मनोरञ्जन स्थल आदिलाई ३० अप्रिल २०२० सम्म बन्द गर्ने निर्णय गरेको छ ।**

**विरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, ५ चैत

कोरोना भाइरस विरुद्ध थप सचेत हुँदै सरकारले विभिन्न निर्णय गरेको छ । कोभिड-१९ को संक्रमण नियन्त्रण तथा रोकथामका लागि उपप्रधानमन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा गठित उच्चस्तरीय समितिको बुधवार बसेको बैठकले सर्वसाधारणलाई सुरक्षित राख्न १५ वटा निर्णय गरेको हो । बैठकले सिनेमा हल, साँस्कृतिक केन्द्रहरु, रंगशाला, खेल स्थल, जिम, हेल्थ क्लब, म्युजियम, स्विमिङ पुल, मनोरञ्जन स्थल आदिलाई ३० अप्रिल २०२० सम्म बन्द गर्ने निर्णय गरेको छ ।

उक्त निर्णयको अनुगमन गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने छ । बैठकले रोगबाट संक्रमण भई उपचार गर्नुपर्ने भएमा त्यस्ता बिरामीहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका सरकारी, सामुदायिक तथा निजी अस्पतालहरुबाट उपचार गराउने व्यवस्था मिलाउने निर्णय गरेको छ ।

सरकारले अत्यावश्यक काम बाहेक आवतजावत, हिडडुल नगर्न भनेको छ । समितिले साँस्कृतिक, सामाजिक र त्यस्तै कार्यहरुमा पार्टी प्यालेस, मठमन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक र सार्वजनिक स्थलहरुमा २५ जनाभन्दा बढी मानिसहरु भेला नहुन आग्रह गरेको छ । निर्णयहरुको कार्यान्वयन प्रदेश सरकार तथा स्थानीय तह समेतले गर्ने छन् । सरकारको यो निर्णयले अघोषित रुपमा सेमी लकडाउनको झल्को दिएको छ । सार्वजनिक सवारी साधनहरुमा सीट क्षमता भन्दा बढी यात्रु ओसारपसार नगर्न, नगराउन यातायात व्यवसायीलाई अनुरोध गरिएको छ भने सर्वसाधारण नागरिकहरुलाई भिडभाड गरी यात्रा नगर्न अनुरोध समेत गरिएको छ । जसको अनुगमन नेपाल प्रहरीले गर्ने जनाइएको छ । यसैगरी, सार्वजनिक यातायातका सवारी धनीलाई यातायात चलाउनु अघि प्रत्येक दिन समय समयमा सवारीसाधनलाई 'डिस्इन्फेक्सन'



गर्न भनिएको छ । यस कार्यको अनुगमन यातायात व्यवस्था विभाग र नेपाल प्रहरीले गर्ने छ । मानिसहरुको बढी जमघट हुने सार्वजनिक महत्वका स्थलहरुमा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका)ले दैनिक रुपमा निश्चित समयको अन्तरालमा सरसफाई एवं डिस्इन्फेक्सन गर्ने छन् । यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय प्रशासनले आवश्यक समन्वय गरी उक्त कार्यको अनुगमन गर्ने छन् ।

यस्तै, बजारमा उपभोग्य सामग्रीको कृतिम अभाव श्रृजना गर्ने, जम्माखोरी, कालोबजारी, मिसावट गर्ने, गराउनेलाई तत्काल प्रचलित कानुन बाँकी पृष्ठ २ मा

### 'सावधानी अपनाउँदै एसईई रोक्यौं'

**काठमाडौं/मस-** उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले कोरोनाविरुद्ध सावधानी अपनाउन एसईईलगायतका परीक्षाहरू स्थगित गरिएको बताएका छन् ।

कोरोना भाइरस रोग नियन्त्रण तथा रोकथाम समन्वय समितिका संयोजकसमेत रहेका उपप्रधानमन्त्री पोखरेलले संक्रमणको भयावह अवस्था आउन नदिन यस्तो निर्णय भएको बताए ।

उनले भने, 'समन्वय समितिमा पहिलेबाटै छलफल हुँदै आएको थियो । कोरोनाको भयावह संक्रमण विश्वभरि छ । यसले पार्ने दीर्घकालसम्म पार्ने नकारात्मक प्रभावलाई ख्याल गर्दै हामीले सावधानी अपनाएका हौं ।'

विश्वका धेरै मुलुकहरूमा एकजना व्यक्तिका कारण संकट उत्पन्न भएको उल्लेख गर्दै उनले भने, 'विश्वको यही अनुभवबाट पाठ सिक्ने काम भयो । हामीले सबै पक्षलाई विचार गरेर यसका प्रभावहरू के हुन सक्छन् भन्ने मनन गर्‍यौं । विश्वका मुलुकहरूमा एउटा व्यक्तिको असावधानीका कारण कसरी संकट र दुर्भाग्य आएको छ । त्यस्तो अवस्था हामीले किन व्यहोर्ने भनेर समयमै सचेतना अपनाएका हौं ।'

उनले एक महिनाका लागि परीक्षा स्थगित गर्ने निर्णयले शैक्षिक कार्यतालिका नै प्रभावित नहुने बताए । बिहीबारबाट कुनै पनि परीक्षा सञ्चालन नहुने उल्लेख गर्दै उनले अगाडि थपे, 'हिजोसम्म जे भए पनि बिहीबारबाट सबै परीक्षाहरू स्थगित हुन्छन् । विश्वविद्यालयले गर्ने परीक्षा पनि रोकिन्छन् ।'

पोखरेलले बुधबार बसेको नेकपा सचिवालय बैठकमा समन्वय समितिले अहिलेसम्म गरेका निर्णयबारे जानकारी गराएको बताए । समितिले गरेका कामहरूप्रति प्रधानमन्त्री केपी शर्मा बाँकी पृष्ठ २ मा

# विवादित विषयमा भएन निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत्र

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सचिवालय बैठकमा पार्टीको विवादित विषयले प्रवेश गर्न पाएन । प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठक कोरोना भाइरसमाथि केन्द्रीत भएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जनाएका छन् । श्रेष्ठका अनुसार कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि उच्चस्तरीय समन्वय समितिको निर्णयलाई प्रभावकारी कार्यान्वयन गर्न सुझाव दिँदै बैठक सकिएको हो ।

बैठकले प्रधानमन्त्री तथा नेकपा अध्यक्ष केपी शर्मा ओलीको स्वास्थ्य लाभको कामना गरेको श्रेष्ठले जानकारी दिए । ओलीको मिर्गौला प्रत्यारोपणपछि पहिलो पटक नेकपा सचिवालय बैठक बसेको हो । बैठकले एसईई परीक्षा स्थगित गर्ने सरकारको निर्णयलाई स्वागत गरेको छ ।

प्रधानमन्त्री ओलीका प्रेस सल्लाहाकार सुर्य थापाका अनुसार सचिवालय बैठकमा मृगौलाको सफल प्रतयारोपणको लागि प्रधानमन्त्रीलाई बधाई, चिकित्सक र मृगौलादातालाई धन्यवाद दिएको हो । फागुन २१ गते त्रिवि शिक्षण अस्पतालमा प्रधानमन्त्री ओलीको दोस्रो पटक मिर्गौला प्रत्यारोपण गरिएको थियो । प्रधानमन्त्री ओलीलाई भाञ्जी समीक्षा संग्रौलाले मृगौला दिएकी थिइन् । बुधबारको बैठकमा सबै सचिवालय सदस्यहरुले मास्क लगाएका थिए । यसअघि अस्पतालबाट डिस्चार्ज हँदा होस् वा सार्क राष्ट्रबीचको भिडियो कन्फरेन्सका लागि प्रधानमन्त्रीको कार्यालय सिंहदवार आउँदा प्रधानमन्त्री ओलीले मास्क लगाएका थिएन ।

राष्ट्रियसभामा पार्टी उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रियसभामा पठाउने विषय, एमसीसी विवाद र पार्टी एकताको विषय सचिवालयमा राख्ने भनिएपनि उक्त विषयहरुमाथि छलफल हुन सकेन ।

# अब किसानको बचत !



**उत्पादन सामग्रीमा अनुदान**: बीउ/नश्ल, मल, सिँचाई, बिजुलीजस्ता उत्पादनका मुख्य सामग्रीहरूमा अनुदान केन्द्रित गरिने ।

**सबै किसानको घरदैलोमा प्राविधिक सेवा-टेवा**ः हरेक किसानले प्राविधिक सेवा पाउने कुराको ग्यारेण्टी गरिने ।

**सस्तो र सुलभ ऋण**: सस्तो ब्याजदरको ऋणमा वास्तविक किसानको पहुँच ग्यारेण्टी नभएको अहिलेको अवस्थालाई अन्त्य गरिने र हरेक किसानलाई ५ प्रतिशत नबढ्ने गरी सस्तो ब्याजमा सुलभ ऋणको प्रत्याभूति गरिने ।

**बाली तथा पशुपन्छी बीमा** : कृषि तथा पशुपन्छी बिमा कार्यक्रमलाई सहज र सस्तोमा किसानको पहुँचमा पुर्‍याउने ग्यारेण्टी गरिने ।

**न्यूनतम बचतको ग्यारेण्टी**: किसानले उत्पादन गर्ने मुख्य बालि-वस्तुको उत्पादन लागतको मूल्याङ्कन गरेर उचित बचतको ग्यारेण्टी हुने गरी न्यूनतम समर्थन मूल्य तोकिने ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भूसालले कृषि क्षेत्रका समस्या समाधान गर्दै किसानको जीवनस्तर सुधार्न पाँच योजना अघि सारेका छन् । मन्त्री भूसालले बुधबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी हरेक किसानलाई उत्पादन सामग्रीमा अनुदान देखि ५ प्रतिशत ब्याजमा ऋण दिने सम्म घोषणा गरेका छन् । मन्त्री भूसालले यो कार्यक्रमबाट नेपालको कृषि क्षेत्रमा फड्को मार्ने बताए ।

मन्त्रालयको यस अगाडिका कृषि परियोजना अन्तर्गत अनुदान कार्यक्रमहरू असफल भएको निष्कर्ष निकाल्दै मन्त्री भूसालले अब कृषि उत्पादनका सामग्री सबैले पाउने गरी अनुदान दिने घोषणा गरे । किसनले बीउनश्ल, सिँचाई, बिजुलीजस्ता उत्पादनका सामग्रीमा सर्वसुलभ अनुदान दिइने उनले बताए । मन्त्री भुसालले सबै किसानको घरदैलोमा प्राविधिक सेवा र टेवालाई सुनिश्चित गरिने घोषणा गरेका छन् । उनले त्यसका लागि कृषि र पशु सेवातर्फका रिक्त ६ हजार दरबन्दीमा अविलम्ब पदपूर्ति गरिने बताएका छन्। किसानले ५ प्रतिशत ब्याजदरमा सुलभ ऋण पाउने सुलभ व्यवस्था गरिने उनले बताए । अहिले कृषि ऋणमा वितरण भएको ब्याज अनुदान खेर गएको र लाभ टाठाबाठाले मात्र पाएकोमा आलोचना हुँदै आएको थियो । "कृषि ऋण माटोमा पुगेन, गाडी र साडीमा गयो", मन्त्री भूसालले भने । मन्त्री भूसालले कृषि ऋण प्रवाहका लागि सहकारीलाई परिचालित गरिने बाँकी पृष्ठ २ मा

### मलेसिया सरकारको निर्णय–

# क्वारेन्टाइन बस्ने कामदारको बिदा कटौती नहुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

कोरोना संक्रमणका कारण क्वारेन्टाइनमा रहने कामदारको बिदा उसले वर्षमा पाउने नियमित बिदाबाट कटौती गर्न नपाइने निर्णय मलेसिया सरकारले गरेको छ ।

वार्षिक बिदा कामदारको अधिकारको विषय भन्दै त्यहाँको मानव संसाधन मन्त्रालयले वार्षिक बिदाबाट कटाउन नपाउने बताएको हो । सुपरिवेक्षणको अवधिमा कामदारलाई तलबी बिदा दिन पनि मलेसियाली सरकारले निर्देशन दिएको छ ।

मलेसियामा निरन्तर दुईवर्ष काम गरेको कामदारले वार्षिक १४, दुईदेखि पाँच वर्ष काम गरेकाले १८ र पाँच वर्षभन्दा बढी काम गरेका कामदारले २२ दिन बिदा पाउने व्यवस्था छ । मान्यताप्राप्त चिकित्सकको प्रेसक्रिप्सनबिना कामदारलाई कार्यस्थलमा प्रवेश वा काम गर्न प्रतिवन्ध लगाउन नपाइने भन्दै मन्त्रालयले क्वारेन्टाइन अवधिमा कामदारलाई तलबी बिदा नदिने रोजगारदातालाई कानूनी कारबाही गर्ने बताएको छ ।

मन्त्रालयले अतिरिक्त समयमा काम गरेबापको घण्टा सीमित गर्ने, हप्तामा काम गर्ने दिनहरूको संख्या घटाउने लगायतका उपाय अवलम्बन गरी उत्पादनको लागत कम गर्न भन्दै कानून र तोकिएका सरकारी निर्देशन उल्लंघन गर्ने रोजगारदातालाई दश हजारसम्म रिंगिट जरिवाना गर्ने चेतावनी दिएको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले दक्षिण पूर्वी एसियाली देश मुख्य गरी मलेसिया उच्च जोखिममा रहेको बताएको छ । मलेसियाको राजधानी क्वालालम्पुरबाहिरको एक मस्जिदमा १ हजार ५ सय विदेशीसहित करिव १६ हजार जनाको भेला गरिएको र त्यसले खतरा निम्त्याउन सक्ने चेतावनी दिएको छ ।

संक्रमितहरु बढ्दै गएपछि बुधबार साँझ राष्ट्रका नाममा सम्वोधन गर्दै त्यहाँका प्रधानमन्त्री मुहद्दीन यासिनले आफ्नो र आफ्नो परिवारको सुरक्षा आफैं गर्न आग्रह गरेका छन् ।

मलेसियामा बुधवार साँझसम्म करिव ७ सय व्यक्तिमा कोरोना संक्रमण देखिएको छ । यीमध्ये २२ जना निको भएका छन् भने दुई जनाको मृत्यु भएको छ । मृत्यु हुने दुवै मलेसियन नागरिक हुन् ।

मलेसियाले कोरोना भाइरसको संक्रमण फैलिन नदिन बिहीबारबाट घोषणा गरेको दुई हप्ता लामो लकडाउनका कारण मलेसियाका प्रमुख सहरहरु सुनसान भएका छन् । त्यहाँको प्रहरीले नेपालीसहित आप्रवासी कामदारको चहलपहल हुने ठाउँहरूमा चेकजाँचको कामलाई तीव्रता दिएको बताइएको छ ।

नेपालका ८ सय ५४ म्यानपावर कम्पनीमध्ये ३ सय १० म्यानपावरले मलेसियामा कामदार पठाउँदै आएका छन् । करिब ६ लाख नेपाली कामदार कार्यरत मलेसियामा भिसा र करार अवधि सकिएका हजारौं कामदार घर फर्किने प्रतीक्षा छन् । तर पाएका छैनन् ।

सिंगापुरतर्फको नाकासमेत बन्द गरेको मलेसियाले खाद्य उद्योग तथा प्याकेजिङ गर्ने कम्पनी भने सञ्चालन गरेको छ । सीमित रूपमा होटल बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### कामदारको क्याम्प सफा गर्दै कतार

काठमाडौं/मस- कोरोना भाइरसको संक्रमणबाट बच्न कतार सरकारले कामदार बस्ने क्याम्पको सरसफाइ गर्ने भएको छ । कोरोनाको संक्रमण दर बढ्दै गएपछि कतारले सफाइलाई अभियानका रूपमा अगाडि बढाउन लागेको हो ।

त्यहाँको प्रशासनिक विकास श्रम तथा सामाजिक मामिला मन्त्रालयले टच फर क्लिनिङ हस्पिटालिटी नामको स्थानीय कतारी कम्पनीले सफाइ अभियान थालेको जनाएको छ ।

यसैक्रममा सनैयास्थित औद्योगिक क्षेत्रका १ देखि ३१ नम्बरको स्ट्रिटमा रहेका २ सय ३२ वटा क्याम्प सफा गरिएको जनाइएको छ ।

## कोभिड- १९

# शान्ति सैनिकलाई उच्च सतर्कता अपनाउन निर्देशन

**काठमाडौं/मस-** संयुक्त राष्ट्रसङ्घले कोभिड- १९ सम्भावित सङ्क्रमणबाट जोगिन शान्ति सैनिकलाई नियन्त्रणात्मक र निषेधात्मक उपाय अवलम्बन गरी उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ ।



संयुक्त राष्ट्रसङ्घ न्यूयोर्कबाट सतर्कता अपनाउन निर्देशन प्राप्त भएको र सैनिक मुख्यालय जङ्गीअड्डाबाट समेत शान्ति मिसनमा तैनाथ नेपाली शान्ति सैनिकलाई निरन्तर आवश्यक निर्देशन भइरहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जानकारी दिएको छ ।

विश्वव्यापीरुपमा फैलिइरहेको कोभिड-१९ को सङ्क्रमणबाट जोगिन शान्ति मिसनमा तैनाथ नेपाली सेनाद्वारा सचेतना कार्यक्रम र सङ्क्रमणबाट खतरामुक्त रहेको यकिन गर्न आवश्यक प्रबन्ध मिलाइएको जनाइएको छ ।

हाल विश्वका ११ वटा मुलुकमा पाँच हजार १०१ जना नेपाली शान्ति सैनिक कन्टिन्जेन्ट र सैनिक पर्यवेक्षण कार्यमा संलग्न रहेको सेनाले जानकारी दिएको छ। सङ्क्रमणको जोखिमको मूल्याङ्कन गरी नेपाली शान्ति सैनिकद्वारा आफ्ना कार्यसञ्चालन तथा अन्य गतिविधि सीमित गरिएको एवं स्थानीय बासिन्दालाई समेत लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताइएको छ।

दक्षिण सुडानले एशियाली पाँच मुलुक जनवादी गणतन्त्र चीन, भारत, कम्बोडिया, दक्षिणकोरिया र नेपालका शान्ति सैनिकको हवाई आवागमनमा रोक लगाएसँगै उक्त देशमा तैनाथ हुन जाने शान्ति सैनिक तयारी हाललाई स्थगन भएको छ ।

सेनाले मिसनमा तैनाथ हुन जाने शान्ति सैनिकलाई तैनाथ पूर्वसचेतना कार्यक्रम सञ्चालन गर्ने, आवश्यक मेडिकल उपकरण र जनशक्तिको व्यवस्था गर्ने काम गरिरहेको छ । स्वास्थ्य परीक्षण गरी कोरोनामुक्त भएको यकीन गरेपछि मात्र मिसनमा तैनाथ गर्नका लागि आवश्यक व्यवस्था मिलाएको जानकारी राष्ट्रसङ्घ मिसन हेडक्वार्टरमार्फत दक्षिण सुडान सरकारलाई गराइसकेको सेनाले जानकारी दिएको छ ।

# सरकारलाई गगनले बुझाए ११ बुँदे ध्यानाकर्षण पत्र

काठमाडौं/मस- प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद गगन थापालाई सबै अस्पतालमा फिवर क्लिनिक खोल्न सरकारको ध्यानाकर्षण गराएका छन् । बुधबार कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिका संयोजक उपप्रधानमन्त्री ईश्वर पोखरेललाई ध्यानाकर्षण पत्र बुझाउँदै थापाले कोरोनाको शंका लागेर आउने व्यक्तिलाई अरु विरामीभन्दा अलग रुपमा दर्ता, परीक्षण र उपचार गर्न हरेक अस्पतालमा फिवर क्लिनिक स्थपित गर्न माग गरेका हुन् ।



क्लिनिकमा आएका विरामी शंकास्पद देख्नासाथ आइसोलेसनमा राखेर थप परीक्षण र उपचारका लागि पठाउने संयन्त्र बनाउन, चिकित्सक, नर्स तथा उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुलार्य सुरक्षित राख्न पीपीईको व्यवस्था गर्न पनि सुनाएका छन् । पूर्वस्वास्थ्यमन्त्री समेत रहेका थापाले कोरोनाको मात्र उपचार गर्न डेडिकेटेड कोरोना हस्पिटलको व्यवस्था पनि सरकारसँग माग गरेका छन् ।

कोरोनाको संक्रमण देखिए शुक्रराज ट्रपिकल तथा सरुवा रोगसहित विभिन्न अस्पतालमा उपचार गर्ने सरकारको निर्णय छ। तर यसरी फरक फरक अस्पतालमा उपचार गर्दा नियमित उपचार प्रक्रिया अस्तव्यस्त हुने भन्दै उनले टेकुलाई कोरोना भाइरसको मात्र उपचार गर्ने गरी आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्था गर्न माग गरेका छन् । साथै सरकारी अस्पतालले नपुगे निजी अस्पताल र मेडिकल कलेजहरुसँग सहकार्य गरी सरकारले नै जिम्मा दिएर उपचार गर्नुपर्नेमा जोड दिएका छन् ।

उपत्यका बाहिर प्रत्येक प्रदेशमा सरकारी वा निजीसँग सहकार्य गरी कम्तिमा एउटा अस्पताललाई जनरल वार्ड, आइसोलेसन वेड, आईसीयू सुविधासहित कोरोनाको उपचारका लागि छुट्टै कोभिड -१९ ट्रिटमेन्ट सेन्टरको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् ।

# चितुवाबाट ज्यान गुमाउनेको परिवारलाई राहत



**दमौली/मस-** माघ १३ गते चितुवाको आक्रमणबाट ज्यान गुमाउने तनहुँको बन्दीपुर गाउँपालिका-४ लोहीपाखाका दश वर्षीय इशक सुनारको परिवारलाई डिभिजन वन कार्यालय तनहुँले राहत रकम प्रदान गरेको छ ।

कार्यालयले चितुवाको आक्रमणबाट ज्यान गुमाउने बालकको परिवारलाई आज घरमै पुगेर राहत रकमबापतको रु नौ लाख ५० हजारको चेक प्रदान गरेको हो। कार्यालयका प्रमुख केदार बराल र बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले संयुक्तरुपमा उक्त चेक मृतकका बाबु सुकबहादुर सुनार र आमा पवित्रा सुनारलाई हस्तान्तरण गरे। कार्यालयले घटना लगत्तै किरिया खर्चबापत रु ५० हजार र बन्दीपुर गाउँपालिकाले रु ५० हजार उपलब्ध गराएको थियो।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत वन्यजन्तुको क्षतिको राहत निर्देशिका २०६९ (संशोधित २०७५) बमोजिम वन्यजन्तुको आक्रमणमा परी मानिसको मृत्यु भएमा अधिकतम रु दश लाखसम्म उपलब्ध गराउने नीतिबमोजिम पीडित परिवारलाई राहत रकम प्रदान गरिएको बरालले जानकारी दिए । बन्दीपुर गाउँपालिकाका अध्यक्ष थापाले अझै पनि यस क्षेत्रमा चितुवाको त्रास रहेकाले अभिभावकले विशेष ख्याल गर्नुपर्नेमा जोड दिँदै भने, 'साँझको बेलामा बालबालिकालाई बाहिर निस्कन नदिऔं ।'

डिभिजन वन कार्यालयका प्रमुख बरालले जिल्लाका विभिन्न ठाउँमा चितुवाको आक्रमणबाट बालबालिकाको मृत्यु हुने र घाइते हुने क्रम रहेकाले बालबालिका जोगाउन अभिभावकले ध्यान दिनुपर्नेमा बरालले जोड दिए ।

गत माघ १३ गते आमासँग विवाह भोज खाएर फर्कदै गरेको अवस्थामा चितुवाको आक्रमणमा परेर बालकको मृत्यु भएको थियो । घर नजिकै पुग्ने बेलामा आक्रमणमा परेको बालकको शव घरभन्दा ८० मिटर टाढा खोल्सामा फेला परेको थियो ।

दुई दिन अघि चैत ३ गतेमात्रै चितुवाको आक्रमणबाट तनहुँको शुक्लागण्डकी नगरपालिका-३ बनकेवामा २१ महीनाकी संस्कृति न्यौपाने घाइते भएकी थिइन् । उनको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको र अवस्था सुधारोन्मुख रहेको छ । त्यस्तै फागुन २८ गते चितुवाको आक्रमणबाट तनहुँको बन्दीपुर गाउँपालिका-५ याम्पामा ७ वर्षीय अनुप नेपाली घाइते भएका थिए । उनको पनि अवस्था सुधारोन्मुख छ ।

चितुवाको आक्रमणबाट तनहुँमा विसं २०७४ फागुन यता नौ बालबालिकाले ज्यान गुमाएका छन्। तीमध्ये सात जना बालबालिकालाई राहतबापतको रकम प्रदान गरिएको र शुक्लागण्डकी नगरपालिका-३ रातमाटाका २२ महिनाका रवीन नेपाली र आँबुखैरेनी गाउँपालिका-१ रानागाउँका ८ वर्षीय पुजन सिंजाली मगरको परिवारलाई राहत प्रदान गर्न बाँकी रहेको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ। बाँकी दुई बालकको परिवारलाई पनि छिट्टै राहतबापतको रकम प्रदान गरिनेछ ।

# मन्त्री नगएपछि समिति बैठक स्थगित



**काठमाडौं/मस-** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीको अनुपस्थितिका कारण राज्य व्यवस्था समितिको बैठक स्थगित भएको छ। लामो समयदेखि समितिमा छलफलका क्रममा रहेको संघीय निजामति सेवा ऐन सम्बन्धि विधेयकका विषयमा छलफल गर्ने कार्यसूची रहेपनि मन्त्री नै अनुपस्थित भएपछि बैठक स्थगित भएको हो ।

त्रिपाठी विरामी भएका कारण उपस्थित हुन नसकेको जानकारी बैठकमा गराइएको थियो। विधेयक समितिबाट बुधबार पारित गर्ने तयारी थियो। मन्त्री त्रिपाठीले राजनीतिक सहमति जुटाउनुपर्ने आवश्यकता रहेको भन्दै समय माग गर्दै आएका छन् ।

बैठकमा मन्त्रीले पटक पटक समय माग गरेको भन्दै सांसदहरुले आक्रोश पोखेका थिए। प्रदेशको मुख्य सचिव र स्थानीय प्रमुख प्रशासकीय अधिकृत केन्द्रले खटाउने कि प्रदेशले खटाउने भन्ने विषयमा विवाद छ ।

# काठमाडौंबाट १० लाख मास्क बरामद

**काठमाडौं/मस-** काठमाडौंबाट फेरि सर्जिकल मास्क बरामद भएको छ। कोरोना भाइरसको आतंकका बीच मास्कमा कालोबजारी हुने गरेको गुनासोसँगै आक्रामक रुपमा प्रस्तुत भएको प्रहरीले राजधानीको सानो भर्याङबाट १० लाख मास्क बरामद गरेको हो ।

महानगरीय अपराध महाशाखाबाट खटिएको टोलीले बुधबार सो परिमाणको मास्क बरामद गरेको हो । पक्राउ पर्नेमा गोरखाका युवराज न्यौपाने रहेको महानगरीय अपराध महाशाखाका प्रमुख एसएसपी सहकुल थापाले जानकारी दिए ।

यसअघि शनिबार आइतबार र सोमबार पनि प्रहरीले १० लाख बढी मास्क बरामद गरेको थियो। महान्यायाधीवक्ताको कार्यालयले बरामद मास्क तत्काल प्रक्रिया पुर्याएर बिक्रीवितरण गर्न प्रहरीलाई निर्देशन दिइसकेको छ।

## कञ्चनपुर सीमा विवाद

# पुनः स्ट्रिप नक्सा जारी गर्न सरोकारवालाको माग

**लक्ष्मी रिजाल/मध्यान्ह**
काठमाडौं, ५ चैत

संयुक्त सीमा सर्भे टोलीले तयार गरेको स्ट्रिप नक्साका आधारमा सीमांकन गरिँदा कञ्चनपुरको दक्षिण क्षेत्रका सयौं विगाहा जग्गा भारतमा पुगेको गुनासो सरोकारवालाहरूले गरेका छन् । स्थानीयसँग छलफलबिनै भोगचलन तथा जग्गाधनी प्रमाणपुर्जा तथा मूल सीमा स्तम्भ (जंगे पिलर) बनाउँदा नेपाली भूमि गुमेको भन्दै उनीहरूले आक्रोस पोखेका छन् ।

अन्तर्राष्ट्रिय सीमा सरोकार समूहका संयोजक पल्लवराज भट्टले भारततर्फ पर्नेगरी नक्सा बनाउँदा समस्या आएको बताए ।

२०२८ देखि भोगचलन गर्दै आएको र २०३६ मा कित्ता नापी भई भूतपूर्व सैनिकहरूको बस्ती बसालिएको तथ्यलाई उपेक्षा गरी बेल्डाँडी गाउँपालिका-३ मा रहेको साविक ३२ नं. पिल्लरदेखि ३४ नम्बर पिल्लरसम्म सीमांकन गर्दा नेपाली भूभाग गुम्न पुगेको गुनासो भट्टले गरे । स्ट्रिक नक्साका आधारमा दुबै पिल्लरका बीचमा सर्बे गर्दा सय बिगाहाभन्दा बढी जमिन भारततर्फ पर्नुका साथै विश्व बैंकको सहयोगबाट निर्माण भएको सिंचाइ आयोजना दोस्रो चरणको नहरसमेत दुवै देशको सीमाक्षेत्र बीचमा पर्न गएको बताए ।

उनले बेलौरी नगरपालिकाको वडा नं. ८ मा रहेको ३८ नम्बरको पिल्लरलाई सीमा स्तम्भका रुपमा मानिँदै आएको स्ट्रिप नक्सामा ३८ नम्बरका स्तम्भलाई मूल सीमास्तम्भ मानिँदै आएको बताए । उनले हुलाकी सडकसमेत भारतमा परेको भन्दै भारतीय सुरक्षाकर्मीहरूले निर्माण कार्य बन्द गराएको बताए।

सीमा क्षेत्रमा पर्ने २०० नम्बरको सीमास्तम्भ लामो समयदेखि बेपत्ता पारिएको र सोही स्तम्भ नभएको कारण नेपाली भूमिमा भारतीय पक्षबाट अतिक्रमण हुँदा प्रतिरोधमा सहीद गोविन्द गौतमले ज्यान गुमाउन परेको थियो,' उनले भने, सीमा पिल्लर २०१ बाट १९९ नम्बरको जंगे पिल्लरलाई आधार मानेर २०० नम्बर पिल्लर स्थापना गर्नु पर्नेमा त्यसो नगरेर २०१ बाट सोझै १९८ मा पुग्ने गरी झन्डै ३ किलोमिटर लामो क्षेत्रको ५० मिटरदेखि ७ सय मिटर चौडाइसम्मको ठूलो क्षेत्र भारतमा पारिएको छ । १९९ नम्बरको पिल्लर नेपाली भूभागको देखिने भएकाले १९९ नम्बर पिल्लरलाई सीमा पिल्लर नभई साक्षी पिल्लर भन्दै स्ट्रिप नक्सा तयार गर्नुपर्छ ।'

जिल्ला विकास समिति कञ्चनपुरले २०५८ सालसम्म ठेक्का दिदै आएको प्याराताल सीमानामा परेको दावी गर्न थालिएको र यस अवस्थामा उक्त १९५ नम्बर पिल्लरलाई कुनै पनि महत्व नदिइएको , बिजोर नम्बरको पिल्लर भएकाले त्यसको निर्माण तथा मर्मत गर्ने जिम्मेवारी नेपाली पक्षको भएपनि नेपाल सरकारले कुनै चासो नदेखाएको र प्याराताल समेत गुमाउनु पर्ने अवस्था आएको गुनासो भट्टले गरे ।

उनले जनता तथा जनप्रतिनिधिको सहभागिताबिना नक्सा तयार पारिएकाले त्यसलाई सच्याउन माग गरे ।

कञ्चनपुरका स्थानीय ओमप्रकाश पन्तले स्टिप नक्सा खारेज गरेर नयाँ बनाउन माग गरे।

# राजपुरमा कालेपत्रे सडकको शिलान्यास

**इस्तयाक अहमद/मध्यान्ह**
रौतहट , ५ चैत

रौतहट जिल्लाको क्षेत्र नं दुई राजपुर नगरपालिकास्थित डमार चोकदेखि बैरिया टोलसम्म सडक कालोपत्रे हुने भएको छ । करिब चार सय मिटर लम्बाईको उक्त निर्माणाधीन सडकको शिलान्यास भएको छ। राजपुर नगर प्रमुख मो.सकिल अखतर, प्रशासकीय अधिकृत बैजु ठाकुर, वडा अध्यक्ष शेख अनसारुल शेख मोजरेआलमलगायतले सामुहिक रुपमा उक्त निर्माणाधीन सडकको शिलान्यास गरेका हुन् ।



शिलान्यास कार्यक्रममा बोल्दै नगर प्रमुख अखतरले सडक निर्माणमा कुनै भ्रष्टाचार हुन नदिने र समयमै काम सक्न लगाउने प्रतिवद्धता व्यक्त गरे । उक्त कालोपत्रे सडक बन्ने भएपछि स्थानीय जनताहरुमा खुसीको छाएको छ । शिलान्यास कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, पत्रकार एवं सर्वसाधारणहरुको उपस्थिति रहेको थियो ।

### सेमी...

बमोजिम कारबाही गर्ने निर्णयसमेत सरकारले गरेको छ । आवगमनमा लगाएको प्रतिबन्धको कारणले आफ्नो मुलुक फिर्ता जान नसकेका विदेशी नागरिकहरुको भिषा अवधि नियमित गर्न निर्धाति भिषा अवधि भित्र आवेदन गरेमा प्रचलित कानुन बमोजिम भिषा नियमित गरिने बताइएको छ । बैठकले होटेल, रेष्टुरेन्ट तथा सपिङ्ग मलका संचालकहरुलाई हात सफा गर्ने स्यानिटाइजरलगायत सफाइका सामग्रीहरुको प्रबन्ध गरी टेबल, कुर्सी, बार-रेलिङ्ग र शौचालय आदी स्थानहरुमा नियमित रुपमा डिस्इन्फेकसन गर्न लगाउने निर्णय गरेको छ ।

**१५ निर्णयः**

- कोभिड- १९ रोगबाट संक्रमण भई उपचार गर्नुपर्ने भएमा त्यस्ता बिरामीहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका सरकारी, सामुदायिक तथा निजी अस्पतालहरूबाट उपचार गराउने व्यवस्था मिलाउने ।

- सिनेमा हल, सांस्कृतिक केन्द्रहरू, रंगशाला, खेल स्थल, जिम, हेल्थ क्लव, म्युजियम, स्विमिङ्ग पुल, मनोरञ्जन स्थल, डान्सवार तथा क्लव आदिलाई ३० अप्रिल २०२० सम्म बन्द गर्ने । यसको अनुगमन गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने ।

- अत्यावश्यक कामका बाहेक आवतजावत, हिँडडुल नगर्ने। सांस्कृतिक, सामाजिक र त्यस्तै कार्यहरूमा पार्टीप्यालेस, मठमन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक र सार्वजनिक स्थलहरूमा २५ जना भन्दा बढी मानिसहरू भेला हुन बन्द गर्ने । सोको अनुगमन गृह मन्त्रालय एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने ।

-प्रकरण २ र ३ को कार्यान्वयन अनुगमन प्रदेश सरकार तथा स्थानीय तह समेतले गर्ने ।

- सार्वजनिक सवारीसाधनहरूमा सीट क्षमता भन्दा बढी यात्रु ओसार पसार नगर्न, नगराउन यातायात व्यवसायीलाई अनुरोध गर्ने । साथै सर्वसाधारण नागरिकहरूलाई भिडभाड गरी यात्रा नगर्न अनुरोध गर्ने। यस कार्यको अनुगमन नेपाल प्रहरीले गर्ने ।

-सार्वजनिक यातायातका सवारी धनीलाई यातायात चलाउनु अघि प्रत्येक दिन समय-समयमा सवारीसाधनलाई संक्रमणमुक्त गर्न लगाउने। यस कार्यको अनुगमन यातायात व्यवस्था विभाग र नेपाल प्रहरीले गर्ने ।

-मानिसहरूको बढी जमघट हुने सार्वजनिक महत्वका स्थलहरूमा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) ले दैनिक रूपमा निश्चित समयको अन्तरालमा सरसफाइ एवं संक्रमणमुक्त गर्ने। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय प्रशासनले आवश्यक समन्वय गरी उक्त कार्यको अनुगमन गर्ने ।

-बजारमा उपभोग्य सामग्रीको कृत्रिम अभाव श्रृजना गर्ने, जम्माखोरी, कालो बजारी, मिसावट गर्ने, गराउनेलाई तत्काल प्रचलित कानून बमोजिम कारबाही गर्ने। दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरूको पर्याप्त मौज्दात भएकोले आम उपभोक्तालाई आवश्यक भन्दा बढी सामग्रीहरू खरीद र अनावश्यक सञ्चय नगर्न अनुरोध गर्ने। यस कार्यको अनुगमन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्ने गराउने ।

-आवगमनमा लगाएको प्रतिबन्धको कारणले आफ्नो मुलुक फिर्ता जान नसकेका विदेशी नागरिकहरूको भिषा अवधि नियमित गर्न निर्धारित भिषा अवधिभित्र आवेदन गरेमा प्रचलित कानून बमोजिम भिषा नियमित गरिदिने । यस कार्यका लागि गृह मन्त्रालय एवं परराष्ट्र मन्त्रालयले समन्वय गर्ने ।

-युरोपका सबै मुलुकहरू, पश्चिम एशियालगायत खाडी क्षेत्रका मुलुकहरू, इरान, टर्की, मलेसिया, दक्षिण कोरिया, जापानबाट आउने र ती मुलुकलाई ट्रान्जिट बनाइ अन्य जुनसुकै मुलुकबाट आउने सबै यात्रुहरूलाई २० मार्च २०२० मध्य रातिदेखि लागू हुने गरी १५ अप्रिल २०२० सम्म आगमनमा प्रतिबन्ध लगाउने । यस सम्बन्धी सूचना विदेशीस्थित कूटनीतिक नियोगहरूमा र आवश्यक अन्य निकायहरूमा सम्प्रेषण गर्ने ।

-कुनै यात्रुले नेपाल सरकारद्वारा ट्राभल एडभाइजर जारी गरेको अवधिको उडानको यात्रा स्थगन गरेको अवस्थामा वा वायुसेवा कम्पनीले आफैं उडान रद्द गरेको अवस्थामा हवाइ टिकट रद्द गर्दा वा यात्रा मिति परिवर्तन गर्दा कुनै शुल्क नलिने व्यवस्था गर्ने र हवाइ टिकट रद्द गर्दा पुरै रकम फिर्ता गर्न सबै वायुसेवा कम्पनीलाई निर्देशन दिने । यस कार्यको अनुगमन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने ।

-२०७६ चैत्र ६ गते देखि सञ्चालन हुन गइरहेको एसईई परीक्षा प्रत्येक केन्द्रहरूमा स्वास्थ्य जाँचसहितको हेल्थ डेस्क स्थापना गरी सुरक्षित एवं व्यवस्थित रूपमा सम्पन्न गर्ने । तर, बाल विकास केन्द्र, आधारभूत तथा माध्यमिक विद्यालयहरू र विश्वविद्यालयहरूका पठनपाठन २०७६ चैत्र मसान्तसम्मका लागि बन्द गर्ने ।

-होटेल, रेष्टुरेन्ट तथा सपिङ्ग महलका संचालकहरूलाई हात सफा गर्ने (स्यानिटराइज) लगायत सफाइका सामग्रीहरूको प्रबन्ध गरी टेबल, कुर्सी, बार-रेलिङ्ग र शौचालय आदी स्थानहरूमा नियमित रूपमा संक्रमणमुक्त गर्न लगाउने। साथै तापक्रम मापन गर्ने उपकरण तथा सामग्रीको व्यवस्था गरी उक्त स्थानहरूमा प्रवेश गर्ने व्यक्तिहरूको स्वास्थ्य जाँच गर्ने ।

-अवैध रूपमा लुकाइ राखिएका अवस्थामा फेला परी गृह मन्त्रालयबाट जफत गरिएका मास्कहरूमध्ये ५ लाख थान मास्क स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई र बाँकी मास्क साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडमार्फत् विक्री-वितरण गर्ने प्रबन्धका लागि पठाउने ।

-सर्वसाधारण नागरिकलाई भ्रम सिर्जना हुने गरी कुनै पनि सञ्चार माध्यम (सामाजिक सञ्जाल समेत) बाट गलत अभिव्यक्ति दिएमा विद्यमान कानून बमोजिम कडा कारबाही गरिनेछ ।

### मलेसिया...

रेस्टुरेन्ट खुला रहे पनि ग्राहकहरूलाई घरमा लगेर खान भनिएको छ ।

स्वदेशी तथा विदेशीको तलब समान

मलेसिया सरकारले स्वदेशी तथा विदेशी कामदारलाई न्यूनतम तलब तथा सुविधामा समान व्यवस्थासमेत लागू गरेको छ ।

यसैबीच, मलेसिया सरकारले स्वदेशी तथा विदेशी कामदारलाई न्यूनतम तलब तथा सुविधामा समान व्यवस्थासमेत लागू गरेको छ ।

यसअघि मलेसिया सरकारले स्वदेशी र विदेशी कामदारमा असमान तलब तथा सुविधा लागू गरेको थियो । यस्तो व्यवस्था परिमार्जन गर्न त्यहाँको सरकारलाई विभिन्न देशहरूले दबाब दिँदै आएका थिए । यहीबीच, त्यहाँको सरकारले समान तलबको व्यवस्था गरेको हो ।

### अब...

बताए ।

बाली तथा पशुपन्छी बीमाको कार्यक्रमलाई विस्तार गरिने योजना पनि घोषणा गरिएको छ । सहज र सस्तोमा किसानको पहुँचमा बीमा पुर्याएर प्रकोप र अन्य भवितव्यबाट कृषि बाली-वस्तुको हानिनोक्सानीबाट किसानलाई सुरक्षित पारिने मन्त्री भुसालले बताए । आवश्यक परे कृषि बीमा गर्नका लागि छुट्टै बीमा कम्पनी स्थापनाका विषयमा समेत विचार गरिने उनको तर्क थियो । किसानलाई न्यूनतम वचतको ग्यारेन्टी गर्ने घोषणा पनि मन्त्री भुसालले गरेका छन् ।

किसानले उत्पादन गर्ने मुख्य वस्तु र बालीको उत्पादन लागतको मूल्यांकन गरी त्यसमा न्यूनतम २५ प्रतिशत लाभ सुनिश्चित गरी समर्थन मूल्य तोकिने र बजारमा सो मूल्यमा विक्री नभएमा सरकारले अनिवार्य किन्ने व्यवस्था गर्न लागेको उनले जानकारी दिए। बितेका ६ दशकदेखि कृषिका कुरा गर्दै आएपनि सबैभन्दा गाह्रो काम गर्ने नागरिकका विषयमा राज्यले कम सोचेको बताउँदै मन्त्री भुसालले किसानहरुको आय सुनिश्चित नगरी देशको कृषि नफस्टाउने मन्त्री भूसालको निष्कर्ष थियो ।

### सावधानी...

ओली सकारात्मक रहेको उनले बताए । उनले भने, 'प्रधानमन्त्रीले सबै कुरा बुझेपछि हामीले यसप्रतिको गम्भीरतालाई कमी हुन दिनुहुन्न भन्ने निर्देशन पनि भयो ।'

समन्वय समितिले बुधबार दिउँसो तोकिएकै समयमा प्रत्येक परीक्षा केन्द्रमा स्वास्थ्य जाँचसहितको हेल्थ डेस्क स्थापना गरी सुरक्षित र व्यवस्थित तरिकाले परीक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो ।

# विश्वविद्यालयसम्बन्धी विधेयक पारित



**काठमाडौं/मस-** प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिको बुधबारको बैठकले संशोधनसहित 'मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यायसम्बन्धी विधेयक पारित गरेको छ। मूलतः विज्ञान तथा प्रविधि विषयमा विश्वस्तरको शिक्षा र अनुसन्धानका लागि नयाँ संरचनामा सो विश्वविद्यालय स्थापना हुन लागेको हो।

विधेयकमाथि विभिन्न सदस्यको संशोधन र छलफलका आधारमा टुङ्गोमा पुग्न बाँकी विषयलाई समेत बुधबार नेपाल सरकारको धारणा लिएर सहमतिमा पारित भएको हो। बैठकमा समितिका सभापति जयपुरी घर्तीले विश्वविद्यालयको अध्यक्षमा नेपाली नागरिक हुनुपर्ने र विश्वविद्यालयको संरक्षक समितिमा सम्बन्धित क्षेत्रबाट प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित सांसद सदस्य हुने गरी निर्णयार्थ प्रस्तुत गर्दा सर्वसहमतिले पारित भएको थियो।

सरकारले विश्वविद्यालयको अध्यक्षमा विदेशी नागरिक पनि हुनसक्ने प्रस्ताव गरेकामा समितिले अध्यक्षमा हुन नहुने तर अन्य पदाधिकारी हुन सक्ने गरी बाटो खुल्ला गरेको छ। अन्य विश्वविद्यालयमा उपकुलपतिको कार्यकारी नेतृत्व रहने व्यवस्था भएकामा यस विश्वविद्यालयमा अध्यक्षाले नेतृत्व गर्ने नयाँ संरचनागत प्रस्ताव गरिएको छ।

सो विश्वविद्यालयको केन्द्रीय कार्यालय मकवानपुरको चित्लाङ वा काभ्रेको पाँचखाल र नमोबुद्धमा हुने भनी सरकारले आजको बैठकमा प्रस्तुत गरे पनि समितिले केन्द्रीय कार्यालय विश्वविद्यालयको संरक्षक समितिले निर्णय गरेको स्थानमा हुने गरी पारित गरेको छ। संरक्षक समितिको दुई सदस्य मदन भण्डारी मेमोरियल फाउण्डेनका अध्यक्षले तोक्ने भनी प्रस्ताव गरिएकामा विश्वविद्यालयका अल्मुनाइमध्येबाट हुने गरी पारित भएको छ।

मुलुकका लागि आवश्यक पर्ने सक्षम, उच्च प्राविधिक, वैज्ञानिक र विचारको उत्पादन तथा नयाँ ज्ञान र प्रविधि सिर्जना गर्न सो विश्वविद्यालय स्थापना हुन लागेको हो। बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले विश्वविद्यालय स्थापनामा सघाउन चिनियाँ पक्ष तयार भएकाले केन्द्रीय कार्यालयबारे पछि पनि निर्णयमा पुग्न सकिने बताउँदै विज्ञान र प्रविधिका क्षेत्रमा अनुसन्धान केन्द्रित हुने गरी विश्वस्तरको विश्वविद्यालयको स्थापना गर्न लागिएको जनाए।

उनले समृद्धिका लागि आवश्यक जनशक्ति उत्पादनका दृष्टिले उक्त विश्वविद्यालयका विशिष्टिकृत हुने जनाउँदै विज्ञान र प्रविधिका साथै साझेदारी र आवश्यकताका आधारमा अन्य विषयमा पनि पढाउन सकिने गरी बाटो खुल्ला हुनुपर्नेमा जोड दिए।

बैठकमा सांसद खगराज अधिकारी, मनकुमारी जिसी, उमेश श्रेष्ठ, जीवनराम श्रेष्ठ, सुरेन्द्रकुमार यादव, सरिता न्यौपाने, विद्या भट्टराईलगायतले विधेयकको मूलभाव सही भएकाले संशोधन र सुझावका आधारमा थप व्यवस्थित कानून बनाउन जोड दिएका थिए।

# सैनिक मुख्यालयमा कोभिड-१९ सम्बन्धी पूर्वाभ्यास



**काठमाडौं/मस-** नेपाली सेनाले विश्वभर फैलिरहेको कोभिड-१९ बाट हुने जोखिम नियन्त्रण, उपचार विधि र अपनाउनुपर्ने सजगताबारे पूर्वाभ्यास गरेको छ। सैनिक मुख्यालय जङ्गीअड्डा परिसरमा कोभिड-१९ को उपचार पूर्वाभ्यासका लागि अस्पताल र क्वारेन्टाइन झल्कने त्रिपाल स्थापना गरी बिरामीको प्रवेशसँगै रोग परीक्षण, शंकास्पद व्यक्ति राख्ने स्थल र क्वारेन्टाइनबाट प्रदान गरिनेसम्बन्धी सम्पूर्ण जानकारी गराइएको छ। त्रिपालमा क्वारेन्टाइन स्थलको लेआउट विधिबारे पनि जानकारी दिइएको छ।

बिरामीलाई अस्पतालमा गरिने उपचार विधि र प्रक्रियाका साथै क्वारेन्टाइनमा रहँदा चिकित्सकबाट प्रदान हुने सेवा तथा जोखिम नियन्त्रणका लागि बिरामी र चिकित्सकले अपनाउनुपर्ने सजगताका सम्बन्धमा संगठन मातहतका निकाय र सर्वसाधारणलाई सञ्चारमाध्यममार्फत जानकारी गराउन पूर्वाभ्यास गरिएको सैनिक प्रवक्ता विज्ञानदेव पाण्डेले जानकारी दिए। पूर्वाभ्यासका लागि त्यहाँ ६० भन्दा बढी पाल स्थापना गरिएको छ।

संक्रमण आशंका भई अस्पताल पुग्ने बिरामीलाई दिइने स्वास्थ्य सेवा, जोखिम नियन्त्रणका लागि बिरामी र चिकित्सकले अपनाउनुपर्ने सचेतना र क्वारेन्टाइनमा रहँदा हेक्का राख्नुपर्ने विषयका बारेमा पूर्वाभ्यासका क्रममा प्रमुख सेनानी डा मुन थापा र सेनानी ली बुढाथोकीले जानकारी दिए। चिकित्सक ५० र अन्य गरी १८१ जनाको चिकित्सा टोली पूर्वाभ्यासमा संलग्न छ। यस्तो पूर्वाभ्यास आवश्यकतानुसार भइरहने छ।

कोभिड-१९ को जोखिम नियन्त्रणका लागि हातधुने तरिका, चिकित्सकले अपनाउनुपर्ने सावधानी, बिरामीको तामक्रम लिँदा पुऱ्याउनुपर्ने होशियारीलगायत विषयमा जानकारी दिइने छ। पूर्वाभ्यासबाट जङ्गीअड्डा मातहतका विभिन्न निकाय र अन्य सर्वसाधारणका लागि समेत कोभिड-१९ उपचार विधि र अपनाउनुपर्ने पद्धतिबारे जानकारी लिन सहयोग पुग्ने छ। सैनिक मुख्यालय र मातहतका निकायका कार्यालय प्रवेश गर्नुअघि ज्वरो भएको नभएको यकिन गर्ने र स्यानिटाइजरको प्रयोग गर्ने कार्य शुरु भइसकेको छ। नेपालमा हालसम्म कोभिड-१९ का बिरामी फेला परिसकेका छैनन्।

## पूर्वप्रधानन्यायाधीश श्रेष्ठको निधन
# बिहीबार सबै अदालत बन्द

**काठमाडौं/मस-** सर्वोच्च अदालतले पूर्वप्रधानन्यायाधीश ओमभक्त श्रेष्ठको बुधबार भएको असामयिक निधनप्रति समवेदना व्यक्त गर्दै उनको शोकमा बिहीबार सर्वोच्च अदालत तथा मातहतका सबै अदालतमा बिदा दिने निर्णय गरेको छ। पूर्वप्रधानन्यायाधीश श्रेष्ठको निधनपछि बुधबार बसेको सर्वोच्च अदालतको पूर्ण बैठकले उनको शोकमा बिहीबार सम्पूर्ण अदालत तथा न्यायाधिकरण बन्द गर्ने निर्णय गरेको हो।





धनकुटा जिल्लामा १९८९ साल चैत ३० गते जन्मनुभएका श्रेष्ठ न्याय सेवामा शाखा अधिकृत, उपसचिव, अञ्चल न्यायाधीश र मुख्य न्यायाधीश हुँदै २०४८ साल भदौ २४ गते प्रधानन्यायाधीश भएका थिए। उनी उमेरहदका कारण २०५४ चैत २९ गते सेवानिवृत्त भएका थिए।

सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार नृपध्वज निरौलाले जारी गरेको प्रेस विज्ञप्तिमा पूर्वप्रधानन्यायाधीश श्रेष्ठको निधनले न्याय र कानूनका क्षेत्रमा अपूरणीय क्षति भएको र मुलुकले देवानी कानूनका क्षेत्रका विशेष दखल राख्ने एक निर्भीक, अत्यन्त मिलनसार र मृदुभाषी व्यक्तित्व गुमाएको उल्लेख छ।

# कोरोना उपचार अस्पतालका चिकित्सक कर्मचारीलाई शतप्रतिशत भत्ता





**चितवन/मस-** भरतपुर महानगरपालिकाको अगुवाइमा चितवन प्रदर्शनी केन्द्रमा शुक्रबार बिहानदेखि सञ्चालन गर्न लागिएको भरतपुर कोरोना विशेष (अस्थायी) अस्पतालमा कार्यरत चिकित्सक, कर्मचारीलाई शतप्रतिशत प्रोत्साहन भत्ता दिइने भएको छ।

सङ्घीय सरकारले यसअघिनै कोरोनाको उपचारमा संलग्नलाई ७५ प्रतिशत प्रोत्साहन भत्ता दिने घोषणा गरिसकेको छ। सो रकममा महानगरपालिकाले थप २५ प्रतिशत गरी शतप्रतिशत पुऱ्याउने भएको हो। महानगर प्रमुख रेनु दाहालले अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीलाई सङ्घीय सरकारबाट दिइने रकममा थप गरी शतप्रतिशत पुर्याउन लागिएको बताइन्। उनले भनिन्, 'सङ्घबाट रकम नआएमा पनि महानगरले ७५ प्रतिशत प्रोत्साहन भत्ता दिन्छ, आएमा शतप्रतिशत पुऱ्याउँछौं।'

अस्पतालमा महानगरका स्वास्थ्यकर्मीका अतिरिक्त जिल्लाका सरकारी र नीजि अस्पताल एवं मेडिकल कलेजमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी परिचालन गरिने उनले जानकारी दिइन्। अस्पताल सञ्चालन गर्न गठित कार्यदलका प्रवक्ता डा भोजराज अधिकारीका अनुसार हाल कार्यरत चिकित्सक, कर्मचारीले नपुगेमा बाहिरबाट पनि जनशक्ति भर्ना गरिने छ।

अध्ययन गर्दै गरेका नर्स र चिकित्सकलाई पनि अस्पताल सञ्चालनका क्रममा नियुक्त गर्नुपर्ने हुनसक्ने भन्दै तयारी थालिएको छ। बहिरङ्ग सेवा र ५० श्ययाको जनरल वार्ड आज साँझसम्ममा तयार गरिँदै छ। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर अस्पताल, चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्सेसबाट श्यया सङ्कलन गरी साँझसम्ममा तयार गरिने अधिकारीले जानकारी दिए।

यससँगै ती श्ययामा आवश्यक सामाग्री उद्योग वाणिज्य सङ्घको अगुवाइमा व्यवस्थापन गरिँदै छ। बिहीबार दिनभरमा १० श्ययाका सघन उपचार कक्ष र १० श्ययाको हाई डिपेन्डेन्ट यूनिट (एचडियू) तयार गरी शुक्रबारदेखि अस्पताल सञ्चालन गर्ने तयारी गरिएको छ। सोका लागि आवश्यक प्रयोगशाला, एक्सरे, औषधि, शौचालय, बारबेर, विद्युत, खानेपानीलगायतका काम भइरहेका छन्। बुधबार बिहान नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीले अस्पताल बनाउन लागिएको क्षेत्र सरसफाइ गरिसकेका छन्।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेमराज जोशीले जुट्न नसकेका खरिद गर्नुपर्ने सामग्री महानगरले खरिद गरेर अस्पताल सञ्चालनमा ल्याउने बताए। महानगर प्रमुख दाहालको संयोजकत्वमा गठित १५ सदस्यीय कार्यदलले मङ्गलबार बिहान ७२ घण्टाभित्र अस्पताल सञ्चालन गर्ने गरी काम अघि बढाएको थियो। जिल्लामा हालसम्म चार शङ्कास्पद कोरोनाका बिरामी भरतपुर अस्पतालमा भर्ना भएकामा उनीहरु सबैको नतिजा नेगेटिभ आएको छ।

# भारु १० लाखसहित दुई जना नियन्त्रणमा

**मकवानपुर/मस-** त्रिभुवन राजपथअन्तर्गत पर्ने हेटौंडा-वीरगञ्ज सडकखण्डको स्थानीय राटोमाटेबाट प्रहरीले बुधबार बिहान ५ बजे जाँच गर्ने क्रममा भारतीय नंको बोलेरो जीपसहित दुई भारतीयलाई नियन्त्रणमा लिएको छ। अभियुक्तका साथबाट भारु नौ लाख ९९ हजारसहित हिरासतमा लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरमा बुधबार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइएको थियो।

पक्राउ पर्नेमा भारत बैरातपुरको पैरोसव बस्ने ३१ वर्षीय विजय चौधरी र भारत नहेटीको ग्राम पञ्चायत माउतपुर बस्ने ३८ वर्षीय शंकर सरकार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। उनीहरु दुवैलाई पश्चिमबाट वीरगञ्जतर्फ जाँदै गरेको अवस्थामा डब्लुबी २३ ई २३३३ नंको भारतीय बोलेरो जीपलाई हेटौंडा-१५ रातोमाटेबाट प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक टीकाबहादुर कार्कीले बताए। प्रहरीका अनुसार दुवैलाई राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाउन लागिएको छ।

# राजपाका संयोजकमा भण्डारी



**काठमाडौं/मस-** राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको अध्यक्षमण्डलका संयोजकमा शरत्सिंह भण्डारीले जिम्मेवारी सम्हालेका छन्। अध्यक्ष मण्डलको मंगलबार भएको बैठकको निर्णयअनुरुप भण्डारीले राजपाको नेतृत्व लिएका हुन्।

राजपाको पार्टी एकताको महाधिवेशन नभएसम्म चक्रीय प्रणालीमा नेतृत्व फेरिने परम्पराअनुरुप हरेक दुई महिनामा नेतृत्व परिवर्तन हुन्छ। अध्यक्ष मण्डलका छ नेताले पालैपालो नेतृत्व सम्हाल्दै आएका छन्। यसअघि महेन्द्रराय यादव राजपा अध्यक्ष मण्डलको संयोजक थिए।

# आगलागीबाट चार घर जलेर नष्ट

**खोटाङ/मस-** हलेसी तुवाचुङ नगरपालिका-९ सल्ले हात्तीटारमा आगलागी हुँदा चार घर जलेर नष्ट भएको छ। केटाकेटीले खेलाउँदै गरेको आगो हावाले उडाएर घरमा पुग्दा स्थानीयवासी लोकेन्द्र माझी, जोखे माझी, सीतादेवी माझी र झनबहादुर थापाको घर जलेर नष्ट भएको हो।

आगलागीमा झनबहादुरको अनुमानित रु आठ लाख, लोकेन्द्रको रु पाँच लाख, जोखेको रु पाँच लाख र सीतादेवीको करीब रु चार लाख बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ। आगलागीबाट विस्थापितलाई आज नगरपालिकाले खाद्यान्न तथा बन्दोबस्तीका सामान प्रदान गरेको छ।

आगलागी पीडितलाई नगरपालिकाका तर्फबाट प्रतिघर २० केजीका दरले चामल, दाल, नून, तेल, भाँडाकुँडा, त्रिपाल, कम्बललगायत राहत सामग्री प्रदान गरिएको नगर प्रमुख इवन राईले बताए। सल्लेस्थित वडास्तरीय विपत् व्यवस्थापन कोषबाट वडाध्यक्ष काशीराज राईले अग्निपीडित प्रतिपरिवार रु तीन हजारका दरले राहत रकमसमेत प्रदान गरेको जनाइएको छ।

स्थानीय दूधकोशी युवा क्लबले पनि आगलागीबाट विस्थापित परिवारलाई अस्थायी आवास एवं खाद्यान्न सहयोग गरेको छ। आगलागीमा धनमाल नष्ट भएपछि स्थानीयवासीको बिचल्ली भएको स्थानीयवासीले बताएका छन्। आगलागीबाट मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ। मंगलबार अपराह्न भएको आगलागी स्थानीयवासीले साँझ मात्र नियन्त्रणमा लिएका थिए।

# तीन दिनमा पाँचको मृत्यु, गाउँले आतंकित

**महोत्तरी/रासस-** महोत्तरी जिल्लाको मनरासिस्वा नगरपालिकाको मनरा गाउँमा पछिल्लो तीन दिनमा पाँचको मृत्यु भएको छ। नगरपालिका-१ साविकको मनरा गाउँका ५० वर्षीय ब्रह्मदेव मण्डल, ५५ वर्षीय राघो मण्डल, ४५ वर्षीय सुखचन्द्र मण्डल, ५० वर्षीय विकास मण्डल र ५५ वर्षीय गङ्गा सिंहको मृत्यु भएको वडा नम्बर १ का वडाध्यक्ष शशीभूषण चौधरीले बताए।

उनका अनुसार गत मङ्गलबारदेखि अचानक उनीहरु बिरामी हुँदै र उपचार हुँदाहुँदै पनि सिकिस्त अवस्थामा पुगेर एकपछि अर्को गरी पाँचै जनाको मृत्यु भएको हो। एक्कासि बिरामी भएर भटाभट भएको उनीहरुको मृत्युले पूरै मनरा गाउँवासी आतङ्कित भएका छन्। उनीहरुको मृत्युको कारणलाई लिएर विभिन्न अड्कलबाजी भइरहेको छ।

उनीहरुको मृत्यु विषाक्त मदिरा सेवनबाट भएको वडाध्यक्ष चौधरीको जिकिर छ। उनका अनुसार उपचारमा संलग्न चिकित्सकले उनीहरुको मृत्यु मदिरा सेवनबाट भएको बताएका छन्। महोत्तरीका प्रहरी प्रमुख श्यामकृष्ण अधिकारीले उनीहरुको मृत्यु मदिरा सेवनबाट नभई अर्कै कारणले भएको हुनसक्ने आशङ्का गरेका छन्।

वास्तविकता जे रहे पनि एउटै गाउँमा तीन दिनभित्र पाँच जनाको मृत्यु भएपछि गाउँले त्रसित छन् भने डरले गर्दा सबै आआफ्नै घरमा सीमित हुन थालेको स्थानीयवासी रवीन्द्र भगतले बताए।

# कृत्रिम अभावविरुद्ध ध्यानाकर्षण

**कास्की/मस-** शान्तिका लागि नागरिक समाज कास्की र इन्सेक गण्डकी प्रदेशले कोरोनाको कारण देखाउँदै बजारमा उपभोग्य वस्तुको कृत्रिम अभाव र कालोबजारी भएको भन्दै विज्ञप्तिमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।



विश्वभर फैलिरहेको कोभिड-१९ भाइरसले खडा गरेको सन्त्रासपूर्ण अवस्थामा व्यापारीबाट कृत्रिम अभाव खडा गरी चर्को मूल्य, कालोबजारी, गुणस्तरहीन खाद्य वस्तुको बिक्री वितरण नगर्न र नगराउन सम्बन्धित सरोकार पक्षको ध्यानाकर्षण गराउँदै विज्ञप्तिमार्फत नेपाल सरकारसँग जोडदार माग गरिएको छ।

सञ्जालका अध्यक्ष विष्णु बराल र इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा बजारमा केही महिनादेखि चीनको उहान प्रान्तबाट शुरु भएको कोभिड-१९ भाइसको सङ्क्रमणबाट नेपाल पनि उच्च जोखिममा रहेको जनाएको उल्लेख छ। जनसमुदायमा सन्त्रास फैलिरहेको परिस्थितिको मौका छोपी उपभोक्ताको दैनिक जीवनमा गम्भीर असर पर्ने गरी व्यवसायीबाट उपभोग्य वस्तु खाद्य पदार्थ, ग्यास, औषधिजन्य वस्तुको कृत्रिम अभाव खडा गरी जनतामा थप भय र सन्त्रासको अवस्था सिर्जना गरिएकोप्रति सरकारसमक्ष ध्यानाकर्षण गराएको हो।

कोरोनाको सङ्क्रमणलाई नेपालमा प्रवेश हुन नदिन, कोही सङ्क्रमणमा परेको अवस्थामा उपचारका लागि स्वास्थ्यसम्बन्धी सबै खाले उपाय अवलम्बन गर्नसमेत आग्रह गरिएको छ। नेपाल सरकारले रोकथामका लागि गरेका प्रयास पर्याप्त नभएको र स्रोत साधनको कमी देखिएकाले कुनै विपत्ति आउनुपूर्व नै त्यसबारेमा गम्भीररुपमा सोच्नसमेत आग्रह गरिएको छ।


**OMAN मा रोजगार | कम्पनी : SAWAED CONSTRUCTION LLC**
**शहर : OMAN**

पूर्व स्वीकृत मिति: २०७४/०९/०७ पून स्वीकृत मिति: २०७६/१२/०२ चलानी नं.: ६०१२३४२१ पून चलानी नं.: ८६९ LT. No.: 202233

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | स्टिल फिक्चर | 14 | 0 | स. काममा दक्ष | 120 | ३६,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

यसै कम्पनीको लागि धेरै मात्रामा मेशन, सटरिङ कार्पेन्टर, स्टिल फिक्चर, कुक र हेल्परहरूको पनि माग भै आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क राख्नु होला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय र जव ओरेन्टेशन सेन्टर, सामाखुसी, काठमाडौंमा २०७६ चैत ८, ९ र १० गते (21, 22 & 23 March 2020) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

ASIAPOWER
Govt Lic No. 1198/073/074
**Asiapower Recruitment Consultants Pvt. Ltd.**
P.O.Box: 24384, Basundhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851131564, 9851065493
E-mail : asiapowernepaljob@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**
**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

## निर्विकल्प सहमति

२०७२ को संविधान जारी भएको चार वर्ष पार गरिसकेको छ । दश वर्षे 'जनयुद्ध', दोस्रो जनआन्दोलन २०६२/०६३, मधेश विद्रोह र आदिवासी जनजाति आन्दोलन लगायत जनसंघर्षको जगमा बनेको संविधानको परिकल्पनाअनुसार, मुलुकमा तीन तहको सरकारको संरचना बनेको छ । सात सय ५३ स्थानीय सरकार बनेको तीन वर्ष नै पुग्न लागेको छ भने प्रदेश सरकार बनेको पनि दुई वर्ष नाघेको छ । यो अवधिमा बागमती, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशले नामाकरण र प्रदेशको राजधानी टुंग्याइसकेका छन् । तर, प्रदेश-१, २ र ५ ले भने अझै पनि प्रदेशको नामाकरण र राजधानी टुंगिन सकेको छैन । प्रदेश-१ ले राजधानी टुंगो लगाएपनि नामाकरण गर्न सकेको छैन । प्रदेश-५ मा राजधानीको विषय पेचिलो बनेको छ । बागमती प्रदेशको नामाकरणमा सहमति जुटेपनि राजधानी मतदानबाट टुंगिएको छ ।

यी तीन प्रदेश मध्ये प्रदेश-२ को विषय भने बढी पेचिलो देखिएको छ । मंगलबार सम्पन्न मतदानबाट प्रदेशको नामाकरण र राजधानी अस्वीकृत भए पछि भने जटिलता थप बढेर गएको छ । किनभने, मतदान प्रक्रिया अगाडि बढेपछि जुटेको सहमति फेरि तोडिएको छ । प्रदेश-२ मा समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टीले 'मधेश' प्रदेश, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले 'जानकी', नेपाली काँग्रेसले 'मिथिला-भोजपुरा' र काँग्रेसकै केही सांसदहरूले 'मध्य मधेश' प्रदेशको प्रस्ताव दर्ता गराएका थिए । तर, मंगलबारको निर्वाचनमा कुनै पनि प्रस्ताव पारित हुन सकेन । यो प्रदेशमा कुनै पनि दलसँग नामाकरण र राजधानीको नामाकरण गर्न प्रष्ट बहुमत छैन । १०७ सांसद रहेको प्रदेश-२ मा नामाकरण र राजधानी मतदानबाट टुंगिन ७२ सांसदको आवश्यकता पर्छ । तर, समाजवादी-राजपासँग ५६, नेकपासँग ३२ र काँग्रेससँग १९ सांसद मात्रै छन् । त्यसैले कुनै पनि दलको प्रस्तावको पक्षमा ७२ मत पुग्न सकेन ।

तर, नामाकरणको प्रस्तावमा भएको मतदानकै कारण राजधानीबारे जुटेको सहमति पनि फेरि तोडिएको छ । यसअघि सबै दलले ढल्केबर पेरिफेरिमा प्रदेशको राजधानी राख्ने सहमति गरेका थिए । तर, जब नामाकरणमा मतदान भयो, ढल्केबर राजधानी रहने सहमतिको पक्षमा समेत आवश्यक मत पुग्न सकेन । यसले प्रदेश-२ लाई अझै अनिश्चिततातिर धकेलेको छ । त्यसैले यसको निर्विकल्प सहमति नै हो, अर्थोकबाट समस्या हल हुने देखिदैन ।

## सामाजिक सञ्जाल



मानवीय संकटको घडीमा सबैले सबैखाले क्षुद्र र संकीर्ण सोचरआचरण परित्याग गरौं! संसारभर फैलिएको कोरोना भाइरसको प्रकोप रोक्न सबै नागरिक एकजुट होऊँ! नेपाल सरकारका यी निर्देशनहरू सबैले गम्भीर रूपमा ग्रहण र पालन गरौं !

-बाबुराम भट्टराई



देशमा खोकी ज्वरोले एक्कासी मृत्यु हुनेको संख्या बढे ? छैन । अस्पतालहरूका भुइं भरिनेगरी संक्रमीत बढे ? छैन । यसलाई नकारात्मक दृष्टिले किन हेर्दैछौं हामी ? 'नेपालमा संक्रमण सर्यो भने यो अवस्था आउनसक्छ..' विगत ३ महिनादेखि सुनिदैछ । सजग हौं, तैयारीमा रहौं, तर आतंकित भएर होइन ।

– समिरमणि दीक्षित



परीक्षा स्थगित गर्ने निर्णय मलाई चैं सहि लागेन ! व्यक्तिगत विचार फरक होला तर यो समयमा आएर विद्यार्थीको मनोभावना बुझ्नु पर्दैन ? नेपालमा कोरोनाको प्रभाव पछिल्लो एक सातायता उस्तै त छ । बरू स्वास्थ्य व्यवस्थामा विशेष ध्यान पुर्याएर फटाफट यो परिक्षा चैं गरेको भए हुने ।

– सुवास हुमागाई

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# कृषि सुधार्ने पाँच कार्यक्रम

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको प्रभावकारिता र अबको कार्यादेश बारे गम्भीर गृहकार्य भइरहेको छ ।**

■ घनश्याम भूसाल
मन्त्री, कृषि तथा पशुपन्छी विकास



**सस्तो र सुलभ ऋण : सस्तो ब्याजदरको ऋणमा वास्तविक किसानको पहुँच ग्यारेण्टी नभएको अहिलेको अवस्थालाई अन्त्य गरिनेछ र हरेक किसानलाई ५ प्रतिशत नबढ्ने गरी सस्तो ब्याजमा सुलभ ऋणको प्रत्याभूति गरिने छ ।**

यो कार्यक्रम दुई महिना अगाडि नै होओस् भन्ने हाम्रा शुभचिन्तकहरुको चाहना थियो । तर कृषि क्षेत्रका विभिन्न सरोकारवालाहरुसँग छलफल, विद्यमान नीतिनियमहरुको आवश्यक अध्ययन र स्रोतसाधनको स्थितिको लेखाजोखा नगरी अगाडि आउनु उपयुक्त हुँदैनथ्यो । विषयको गम्भीरता, सम्माननीय प्रधानमन्त्रीले दिनु भएका सुझाव र निर्देशनका साथै प्रदेश सरकारका मन्त्रीहरुका अनुभवहरुलाई ध्यान दिनु र विभिन्न कोणबाट धैर्यतापूर्वक अध्ययन गर्नु आवश्यक थियो । आज विश्वव्यापी महामारीले हामीलाई प्रभावित पारिहेको छ तापनि आफ्ना राष्ट्रिय प्राथमिकताबारे छलफल गर्नु उचित नै हुन्छ भन्ने ठानेर यो कार्यक्रम आयोजना गरिएको छ ।

नेपाली समाजको विकासको अवस्था, हाम्रो छिमेकमा भैरहेको कृषिको विकास, विगत ६० वर्षको योजनावद्ध कृषि विकासका अनुभवहरु, समाजवाद उन्मुख हाम्रो राज्य र संविधानले प्रत्याभूत गरेको नागरिकका खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार, हाम्रो कृषि श्रमको अवस्था, केन्द्रीकृत विकास परम्परा तथा बसाइँसराइ, सामाजिक तथा राजनीतिक द्वन्द्व तथा संक्रमणको हाम्रो इतिहास र वर्तमान, जलवायु परिवर्तन र अहिलेको विश्वव्यापी महामारीहरुको प्रकोपजस्ता अनेकौं यस्ता कारणहरु छन् जसले हामीलाई ठूलै जोखिम र सङ्कल्पका लागि तयार पार्छन् ।

हाम्रो कृषि विकासको इतिहासको एउटा टड्कारो अनुभव के छ भने किसानलाई विकास दिनसक्ने गरी मन्त्रालयलाई बलियो बनाउन हामीले लामो समय खर्च गर्‍यौं । कृषिको विकास किन भएन भन्ने प्रश्नको उत्तर 'हामी पर्याप्त बलियो नभएर' भन्ने दियौं । परिणाम के भयो भने हामी साधन-श्रोत र कानूनले बलियो हुँदै गयौं तर किसान र कृषि बलियो भएनन् । दातृ निकायको सहयोगले नेपालको कृषिमा महत्वपूर्ण भूमिका खेलेको छ तर त्यसबाट पनि अपेक्षित परिणाम निकाल्न सकेनौं । आज हामी जता जान खोज्दैछौं त्यसले इतिहासको त्यो दुश्चक्र तोड्छ भन्ने हामीलाई लाग्छ ।

बलियो सामाजिक-आर्थिक जीवनमा नटेकेको लोकतन्त्र सँधै खतरामा रहन्छ । नेपालको सामाजिक-आर्थिक जीवनमा कृषि क्षेत्रको महत्व कूल गार्हस्थ उत्पादनमा यसको योगदान र यसमा संलग्न/आश्रित जनसङ्ख्याले बताउँछ । यसर्थ हाम्रो राजनीतिक तथा संवैधानिक गणतन्त्रलाई धान्न सक्ने कृषि अर्थतन्त्रको विकास गर्नैपर्छ । यसरी हेर्दा किसानको सुरक्षा र कृषि उत्पादनको विकास केवल उत्पादन र उत्पादकत्व बढाउने प्राविधिक मामिलामात्र होइन बरु सामाजिक तथा राजनीतिक विषय पनि हो ।

